नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति २०८३/०५/२९ को मा. मन्त्रीस्तर निर्णयद्वारा स्वीकृत

# किसान सूचीकरण कार्यक्रम कार्यान्वयन सम्बन्धी खर्चको मापदण्ड (नर्म्स), २०८३

**प्रस्तावनाः** "किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१" बमोजिम किसान सूचीकरण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न आर्थिक कार्यविधि तथा आर्थिक वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी कृषि, वन तथा पर्यावरण मन्त्रालयले यो मापदण्ड (नर्म्स) जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो नर्म्सको नाम "किसान सूचीकरण कार्यक्रम कार्यान्वयन सम्बन्धी खर्चको मापदण्ड (नर्म्स), २०८३" रहेको छ।

(२) यो नर्म्स मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नर्म्समा;

(क) "**किसान**" भन्नाले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा २(ख) बमोजिमको नागरिक सम्झनु पर्छ।

(ख) "**निर्देशिका**" भन्नाले किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका, २०८१ सम्झनु पर्छ।

(ग) "**नियमावली**" भन्नाले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० सम्झनु पर्छ।

(घ) "**प्रदेश मन्त्रालय**" भन्नाले कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने प्रादेशिक मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) "**मन्त्रालय**" भन्नाले कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने संघीय मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) "**सम्पर्क व्यक्ति**" भन्नाले निर्देशिकाको दफा २३ (१) बमोजिमको कर्मचारी सम्झनु पर्छ।

(ज) "**सहजकर्ता**" भन्नाले निर्देशिकाको दफा २३ (३) र (५) बमोजिम किसान सूचीकरण प्रणाली सञ्चालन र किसानको वैयक्तिक विवरण तथा कृषि तथ्याङ्क संकलन गर्ने व्यक्ति सम्झनु पर्छ।

(झ) "**कर्मचारी**" भन्नाले किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा संचालन कार्यमा खटिने संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई बुझिन्छ।

३. <u>किसान सूचीकरण कार्यक्रमको लागि सशर्त अनुदान रकम परिचालन सम्बन्धी व्यवस्थाः</u> (१) किसान सूचीकरण प्रणालीमा कृषकहरूलाई सूचीकृत हुन जानकारी गराउने उद्देश्यले स्थानीय सञ्चार माध्यममार्फत सूचना तथा प्रचारप्रसार गर्न विनियोजित बजेटको १० प्रतिशत रकममा नबढ्ने गरी खर्च गर्न सकिनेछ।



सचिव

(२) प्रणालीमा प्रविष्ट भएका कृषकको विवरण प्रमाणीकरणका लागि वडा समितिको बैठक सञ्चालन गर्न विनियोजित बजेटको बढीमा ३० प्रतिशतसम्म रकम खर्च गर्न सकिनेछ।

(३) किसानलाई सूचीकरण प्रणालीमा आवद्ध गराउन सहजकर्ता परिचालन तथा घुम्ती टोली खटाई अभियान सञ्चालन गर्न सकिनेछ।

४. सहजकर्ता, सम्पर्क व्यक्ति र कर्मचारीको सेवा सुविधा सम्बन्धी व्यवस्था: (१) किसान सूचीकरण कार्यक्रम कार्यान्वयनको लागि विनियोजित बजेटको सीमाभित्र रही प्रचलित कानूनबमोजिम सहजकर्ता, सम्पर्क व्यक्ति तथा कर्मचारीले मन्त्रालय, प्रदेश मन्त्रालय, मातहतका निकाय वा स्थानीय तहबाट सेवा सुविधा प्राप्त गर्न सक्नेछन्।

(२) स्थानीय तहले आवश्यकता अनुसार सम्पर्क व्यक्ति र कर्मचारीलाई अतिरिक्त समयमा किसान सूचिकरण सम्बन्धी कार्य गरेबापत उक्त कार्य गरेको एकिन गरी कार्य सञ्चालन निर्देशिका, २०८१ (नवौं संस्करण) को दफा ४७ बमोजिम खाजा वा खाना खर्च उपलब्ध गराउन सक्नेछ।

(३) सहजकर्ता, सम्पर्क व्यक्ति तथा कर्मचारीलाई अनलाइन तथ्याङ्क प्रविष्टि, अद्यावधिक तथा प्रमाणीकरणका लागि इन्टरनेट शूल्कबापत मासिक रुपमा बढीमा रु. १००० सञ्चार खर्च उपलब्ध गराउन सकिनेछ।

(४) सम्पर्क व्यक्ति तथा कर्मचारीलाई कार्यालयको नियमित कार्यमा असर नपर्ने गरी किसान सूचीकरणको आवश्यक कार्य सम्पन्न गर्न खटाउन सकिने र प्रचलित कानूनबमोजिम यातायत खर्च वा दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ।

(५) सहजकर्तालाई प्रत्येक किसानको वैयक्तिक विवरण तथा कृषि तथ्याङ्क सङ्कलन गरी सूचना प्रणालीमा प्रविष्ट गरेबापत देहायबमोजिम पारिश्रमिक उपलब्ध गराउन सकिनेछ:

| स्थानीय तहको घरधुरी संख्या | प्रति घरधुरी किसान सूचिकरण सम्बन्धी तथ्याङ्क संकलन बापत पारिश्रमिक (रु.) |
|---|---|
| अ. १००० वा सोभन्दा कम | २०० |
| आ. १००१ देखि २,००० सम्म | १७५ |
| इ. २००१ देखि ३,००० सम्म | १५० |
| ई. ३००१ वा सोभन्दा बढी | १२५ |

(६) उपदफा (५) बमोजिमका सहजकर्तालाई सङ्कलित विवरण तथा कृषि तथ्याङ्क पूर्ण रूपमा रुजु भएपछि मात्र पारिश्रमिक भुक्तानी गराउन सकिनेछ।

(७) भौगोलिक विकटता तथा जनघनत्वका आधारमा स्थानीय तहले आफ्नो बजेटबाट सहजकर्तालाई थप प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ।



सचिव

५. किसान सूचीकरणको प्रगति विवरण सम्बन्धी व्यवस्था: (१) सूचीकरण कार्यमा खटिएका सहजकर्ता, सम्पर्क व्यक्ति तथा कर्मचारीले आफ्नो कार्यक्षेत्रभित्र भएको सूचीकरण कार्यको प्रगति विवरण महिनाको कम्तिमा दुई पटक सम्बन्धित स्थानीय तहमा लिखित रुपमा पेश गर्नुपर्नेछ।

६. बजेट व्यवस्थापन: (१) किसान सूचीकरण कार्यक्रमका लागि मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत प्राप्त बजेट अपुग भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले आन्तरिक स्रोतबाट समेत बजेट परिचालन गर्न सकिनेछ।

(२) सूचीकरण कार्यको लागि पठाईएको सशर्त वजेटबाट पुँजीगत खरिदको कुनैपनि कार्य गर्न सकिने छैन।

७. प्रचलित कानून वमोजिम हुने: यस मापदण्ड (नर्म्स)मा उल्लेख भएका विषयहरुको हकमा यसै मापदण्ड (नर्म्स) बमोजिम र अन्यका हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

८. खारेजी तथा बजाउ: "किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता तथा सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स) २०८२" खारेज गरिएको छ। उक्त मापदण्ड (नर्म्स) बमोजिम यस मापदण्ड प्रारम्भ हुनुअघि सम्पन्न भएका कार्यहरु यसै मापदण्ड (नर्म्स) बमोजिम भए गरेको मानिनेछ।

सचिव